नेपाल सरकार
श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
**ई.पी.एस.कोरिया शाखा**
**ग्वार्को, ललितपुर ।**

२०८०/०५/१६

# कोरियन UBT भाषा परीक्षा (Ship Building, EPS TOPIK,2023) संचालन सम्बन्धि अत्यन्त जरुरी सूचना !!

मिति २०८०।०६।०१ गते तद्‌नुसार 18 September, 2023 बाट सञ्चालन हुने Ship Building क्षेत्र तर्फको कोरियन भाषा परीक्षा (EPS-TOPIK,2023) का लागि तपसिलमा उल्लेखित परीक्षार्थीहरुका लागि तपसिल बमोजिमको रोल नम्बर कायम भएको छ । यस सूचनामा उल्लेखित रोल नम्बरलाई आधार मानी परीक्षार्थीले निर्धारीत मिति र समयमा Bio-metric को लागि दुई घण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनु पर्नेछ । निर्धारीत मिति, समय र सिफ्टमा आवश्यक कागजात ( सक्कल राहदानी र प्रवेश पत्र) सहित उपस्थित हुन नसकेमा निजलाइ कुनैपनि अवस्थामा परीक्षामा समावेश गराइने छैन । परीक्षामा सहभागी हुन चाहिने आवश्यक कागजात तथा जानकारी देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**:-

- **परीक्षा सञ्चालन मितिः-** २०८०।०६।०१ गते (18 September, 2023) देखी
- **परीक्षा सञ्चालन हुने स्थानः-** व्यवसायिक तथा सिप बिकाश तालिम प्रतिस्ठान, भैसेपाटीको प्राङ्गणमा रहेको UBT- Hall, ललितपुर ।
- Mobile Phone, PDA, Electronic Dictionary, Smart watch लगायतका अन्य विद्युतीय सञ्चारका साधनहरु परीक्षा हल भित्र पूर्णत: निषेध गरिएको छ ।
- परीक्षामा चिट, कपी गरेको भेटिएमा परीक्षा रद्द गरी चार बर्ष सम्मका लागि परीक्षामा समावेश हुन निषेध गरिनेछ ।
- तोकिएको परीक्षा समय भन्दा एक घण्टा अगावै Orientation सुरु हुनेछ । Orientation मा वायोमेट्रिक भेरिफिकेशन गरी उपस्थित हुनु पर्नेछ ।
- परीक्षा संचालन मिति भन्दा १ दिन अगावै आफ्नो सिफ्ट अनुसार ई.पी.एस कार्यालय ग्वार्कोमा वायोमेट्रिक(Finger print) को लागि उपस्थित हुनुपर्ने छ र परिक्षाको दिन सो Finger print UBT-Building भैंसेपाटीमा verify हुनेछ ।

२०८०।५।१६

**ई.पी.एस कोरिया शाखा**